# व्यवसायिक तरकारी खेती तालिम सम्पन्न




काठमाण्डौं नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाका आफ्ना ३०.जना ग्राहक सदस्यहरुको सहभागितामा २०७५ मंसिर १६ गतेदेखि १८ गतेसम्म धादिङ्ग जिल्लाको बेनीटार रोराङ्ग गाउँपालिका चौकिटारमा **"व्यवसायिक तरकारी खेती तालिम"** सम्पन्न गरेको संस्थाका मुग्लिङ्ग शाखाका प्रमुख बबुर हमाल ठकुरीले जानकारी गराएका थिए । यस तालिमका प्रशिक्षकहरु कृषि प्राविधिक छवि लाल गुरुङ्ग कृषि प्राविधिक अस्मिता बराल, कार्यक्रम अधिकृत, परमेश्वर चौधरी रहेका थिए ।

एक परिवारमा एक जना उद्यमी बनाउन संस्थाले पहल गरी रहेको, संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवा दिइ रहेको यस संस्थाबाट कर्जा लिइ व्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नततिर अगाडि बढेको समेत संस्थाको भरतपुर क्षेत्रीय कार्यालयका कार्यक्रम अधिकृत परमेश्वर चौधरीले बताएका थिए । तालिममा सहभागीहरुलाई स्वागत गर्नुका साथै तालिमको उद्देश्य बारेमा शाखा प्रमुख बबुर हमाल ठकुरीले प्रकाश पारेका थिए ।

तरकारी व्यवसायको परिचय, स्थानीय र उन्नत तरकारीमा भिन्नता, तरकारीको महत्व, आवश्यकता र वर्तमान स्थिति तथा नेपालमा तरकारी विदेशबाट आयात भइ विदेशमा लाखौ लाख रकम गएको र स्थानीय श्रोत साधन प्रयोग गरी तरकारी खेती गर्ने तरिका र हावा, ताप, प्रकाश, आर्द्रताको महत्व, नर्सरीको महत्व एवम् प्रयोग गरिने वस्तुहरु, नर्सरी अनुसार तरकारी खेतीलाई महत्व, कमी, कमजोरी, संरक्षण तथा विकास, बजार ब्यवस्थापन, तरकारीबाट हुने आम्दनीको स्किम, बचतको महत्व तथा संस्थाको पब्लिक डिपोजिटे र संस्थाका सेवाहरुको बारेमा यस तालिममा सहभागीहरुले जानकारी हासिल गरेको शाखाका प्रमुख ठकुरीले बताएका थिए ।

तालिमको अन्त्यमा तालिमको मूल्याकंन सहभागी रिता डलाकोटि, कृषि प्राविधिक छवि लाल गुरुङ्गले मन्तब्य राखेका थिए । व्यवसायिक रुपमा तरकारी खेती गरेमा राम्रो फाईदा लिन तालिमले सहयोग गर्ने सहभागीहरुले बताएका थिए । तरकारी खेती गरी रहेका गर्न ईच्छुक संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदान गर्न यस तालिममा सहभागी गराइएको संस्थाका कार्यक्रम अधिकृत परमेश्वर चौधरीले जानकारी गराएका थिए ।
निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड ७ वटै प्रदेशका देशको ७७ वटै जिल्लाहरुको शाखा संञ्जाल रहेको नेपालको एक मात्र सबैभन्दा ठूलो लघुवित्त संस्थाहो । संस्थाले १८१ वटा शाखाहरु, १० वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी १९२ वटा कार्यालयहरुको स्थापना गरी संस्थाले लघुवित्त सेवा पुऱ्याइ रहेको छ । संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पिडित, पिछडिएका विपन्न परिवारका महिलाहरुलाई समूहमा आवद्ध गराइ विना धितो लगानी गर्नुका साथै सीपमूलक तालिम, उद्यमशीलता विकास तालिम,

सचेतनामूलक कार्यक्रमहरु संचालन गर्दै आर्थिक, सामाजिक, बौद्धिक विकास गर्दै आई रहेको छ । यस संस्थाले देशको कुना कुनामा शाखाहरु स्थापना गरी ग्राहक सदस्यहरुलाई सीप विकास तालिम प्रदान गर्दै आइ रहेको छ साथै तालिम लिएका सदस्यहरुलाई आवश्यकतानुसार लगानी समेत गर्दै आइ रहेको छ ।

संस्थाले २०७५ कार्त्तिक मसान्तसम्ममा ३ लाख २८ हजार ९०६ घरपरिवारहरुमा सेवा विस्तार गरेको छ । संस्थाको २०७५ कार्त्तिक मसान्तसम्ममा लगानीमा रहेको कर्जा रु. १६ अरब ११ करोड ८१ लाख रहेको छ र ग्राहक सदस्यहरुको ९ अरब १३ करोड ६५ लाख बचत परिचालन गरेको छ । तरकारी खेती गरी रहेकार गर्न ईच्छुक संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदान गर्न यस तालिममा सहभागी गराईएको शाखा प्रमुख बबुर हमाल ठकुरीले जानकारी गराएका थिए ।